# बेनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
२०७३

गण्डकी प्रदेश, नेपाल

प.स. : ०७९/०८० (कृषि शाखा)
च.न. :

## कृषि कार्यक्रममा आवेदन पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७९/०९/२६)

चालु आं.व. २०७९/०८० मा बेनी नगरपालिकामा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम संचालन गर्न नगर क्षेत्रभित्रका कृषक/कृषि फर्म/कृषि समूह, सहकारी/उपभोक्ता समिति/निजि उद्यमीहरुले तपसिलका कार्यक्रमहरुमा लागत सहभागिताका लागि यो सूचना प्रकाशित मितिले १५ दिन (२०७९/१०/१० गते ) भित्र तपसिल बमोजिमका कागजातहरु संलग्न राखी रीतपूर्वक आवेदन पेश गर्नुहुन सम्बन्धित सरोकारवालाहरुलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | कार्यक्रम | कार्यक्रमको मापदण्ड | कुल बजेट (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | उत्पादन ब्लकको क्षेत्रफल १०० रोपनी हुनुपर्नेछ | २,०५० | प्रदेश तथा स्थानीय तहमा शसर्त वित्तीय हस्तान्तरण भएका कृषि बिकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०७८ बमोजिम कार्यक्रम संचालन हुनेछ । |
| २ | फलफूल दशक अन्तर्गत फलफूल बिरुवा रोपण कार्यक्रम | निजी जग्गामा खेती गर्नका लागि कम्तिमा २ रोपनी जग्गामा फलफूल बगैंचा स्थापना गर्ने/भएको हुनुपर्नेछ | ५०० | |
| ३ | खाद्यान्न बाली मकैको उन्नत बिउ उपयोगमा अनुदान | | ८०० | |

आवश्यक कागजातहरु:

- तोकिएको ढाँचामा प्रस्तावना तथा निवेदन, प्रस्तावनाको ढाँचा र निवेदन बेनी नगरपालिकाको कृषि विकास शाखाबाट उपलब्ध गराइनेछ

प्रमुख प्रशासकीय अधिकृत

- संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, आ.व. ०७८/०७९ सम्मको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, समूह/सहकारीको हकमा कार्यसमितिको निर्णयको प्रतिलिपि, आ.व. २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन
- कार्यक्रममा समावेश हुने प्रत्येक कृषक सदस्यहरुको खेती गरिने जग्गाको लालपुर्जाको प्रतिलिपि, नागरिकताको प्रतिलिपि,
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
- कार्यक्रम संचालन प्रस्तावना १ प्रति ।

नोटः यस नगरपालिका तथा सम्बन्धित सरकारी निकायबाट हालसम्म अनुदान प्राप्त नगरेका कृषकलाई प्राथमिकता दिईनेछ ।

थप जानकारीका लागि कृषि शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

धोलकराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

